# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

मितिः २०८२।०९।०१

(विषयः अभियोग पत्र दायर गरिएको।)

नेपाल राष्ट्र बैंकको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राम बहादुर शाह समेत भएको बैंकिङ कसूर मुद्दामा प्रतिवादीहरुले सो कसुरबाट सम्पत्ति आर्जन गरी शुद्धीकरण गरेको हुन सक्ने अवस्था हुँदा निजहरु उपर सो कसुरमा समेत अनुसन्धान हुन भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगञ्ज, काठमाडौंको च.नं.२१४५ मिति २०७६/०६/१२ बाट यस विभागमा दर्ता हुन आएको सुचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी रामबहादुर शाहले बैंकिङ्ग कसूर गरी प्राप्त गरेको रकम रु. २,५०,००,०००।– प्रतिवादी राम बहादुर शाहले विभिन्न मितिमा निज नै एकल सञ्चालक रहेको प्रतिवादी राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि. को नाममा तथा जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १६ स्थित कि.नं. १८८ क्षेत्रफल १५८.९५ भएको जग्गा र सोही जग्गामा रहेको घर समेत खरिद गर्न जग्गा धनी बादल क्षेत्रीको नाममा होम चेकहरु जारी गरेको र निज प्रतिवादी राम बहादुर शाहले विभिन्न मितिमा निजकै नाममा होम चेकहरु जारी गरी जिल्ला ललितपुर, विष्टछाप ८ग स्थित कि.नं. ८८ को क्षेत्रफल ०-१२-०-०, कि.नं. २६१ को क्षेत्रफल ०-८-०-० र कि.नं. २६३ को क्षेत्रफल ०-१२-०-० भएका जग्गाहरु मिति २०७०/११/२५ मा जग्गा धनी तुल्सीराम थारुबाट रु. ५०,०००।– मा खरिद गरी सोही जग्गाहरु मिति २०७२/०६/१२ मा मान बहादुर तामाङलाई रु. ६,४०,०००।– मा बिक्री गरी सम्पत्ति बढे बढाएको समेत देखिँदा प्रतिवादी राम बहादुर शाहले बैंकिङ्ग कसूरबाट प्राप्त रकम रु. २,५०,००,०००।– को गैरकानुनी स्रोत लुकाउन उक्त रकम रुपान्तरण/हस्तान्तरण गरी उक्त रकम बैंक खाताहरुमा निःसर्ग, कारोबार गरी उक्त रकम प्राप्त गर्ने, प्रयोग गर्ने र धारण गर्ने समेतका कार्यहरु गरी प्रतिवादीहरु राम बहादुर शाह र राम शाह बहुमुखी व्यापार कम्पनी प्रा.लि.ले प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क)(ख)(ग) ले निषेधित कार्यहरु गरी गराई सोही ऐनको दफा ३ को उपदफा (१) र उपदफा (३) बमोजिम सम्पत्ति शुद्धीकरणको कसूर गरेको पुष्टि भएको देखिँदा जम्मा रु.२,५५,९०,०००।– बिगो कायम गरी निज प्रतिवादीलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (पहिलो संशोधन) को दफा ३० को उपदफा (२) बमोजिम सजाय हुन र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (पहिलो संशोधन) को दफा ३४ को उपदफा (१) र उपदफा (२) बमोजिम देहाय बमोजिम उल्लिखित सम्पत्तिहरु जफत समेत हुन तथा प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र उपदफा (२) बमोजिम प्रतिवादी राम बहादुर शाहको नाममा रहेका कसुरबाट प्राप्त चल तथा अचल सम्पत्तिहरु जफत हुन मागदाबी लिई मिति २०८२।८।२८ गते विशेष सरकारी वकिल कार्यालय काठमाडौंले सम्मानित पाटन उच्च अदालतमा अभियोग पत्र दायर गरेको छ।